संयुक्त राष्ट्रसङ्घीय
मानवअधिकार उच्चायुक्तको
कार्यालय, नेपाल

United Nations Human Rights
OFFICE OF THE HIGH COMMISSIONER FOR HUMAN RIGHTS

**प्रेस विज्ञप्ति – २०६५ जेठ १७**

---

## धनगढी हत्याकाण्डमा भएको हुनसक्ने बलको अत्यधिक प्रयोगबारे उच्चायुक्तको कार्यालय-नेपालद्वारा अनुसन्धान सुरु

उच्चायुक्तको कार्यालय-नेपाल कैलालीको जिल्ला प्रशासन कार्यालय (जिप्रका)मा जेठ १५ गते नेपाल प्रहरी (नेप्र)द्वारा तीनजनाको हत्या तथा कम्तीमा अन्य सातजना घाइते भएकोमा अत्यन्त चिन्तित छ। जिप्रकामा ढुङ्गामुढा गरिरहेको एउटा भीडलाई प्रहरीले नियन्त्रण गर्न खोज्दा ती व्यक्तिहरूमध्ये एकजनालाई टाउकामा, अर्कालाई घाँटी तथा छातीमा र अर्को एकजनालाई पेटमा प्राण लिने गरी गोली हानिएको कुरालाई उच्चायुक्तको कार्यालयले पुष्टि गरेको छ।

अन्तर्राष्ट्रिय मापदण्डअनुसार, कानुनको पालना गराउने अधिकारीहरूले तत्काल मृत्युको खतरा वा गम्भीर चोटपटकबाट आफूलाई वा अरूलाई सुरक्षा गर्न हिंसात्मक सभालाई तितरबितर पार्नमात्र तथा यो उद्देश्य हासिल गर्न कम कठोर उपायहरू अपर्याप्त भएमा मात्र बन्दुकको प्रयोग गर्न पाउँछन्। जीवनको सुरक्षा गर्न एकदमै टार्नै नसकिने अवस्थामा मात्र मनसायपूर्वक बन्दुकको घातक प्रयोग गर्न छुट हुन्छ।

नेकपा (माओवादी)का कार्यकर्ताहरूसमेत संलग्न भएको भनिएको एक समूहद्वारा एकजना पत्रकार नेकपा (माओवादी)का गतिविधिप्रति आलोचनात्मक लेख लेखे भनी कुटिएकोमा पनि उच्चायुक्तको कार्यालय चिन्तित छ। सो घटना प्रमुख जिल्ला अधिकारी (प्रजिअ) तथा नेपाल प्रहरीका उपरीक्षक (प्रउ)को उपस्थितिमा जिप्रका परिसरमा भएको भए तापनि राज्यअधिकारीहरू कुटपिटका लागि जिम्मेवारहरूलाई पक्राउ गर्न विफल भए। कुटपिटपछि उच्चायुक्तको कार्यालय, राष्ट्रिय मानवअधिकार आयोग (आयोग), इन्सेक तथा नेपाल पत्रकार महासङ्घ (महासङ्घ)ले जिम्मेवारहरूलाई पक्रन आग्रह गरेका थिए।

उच्चायुक्तको कार्यालय पत्रकारमाथिको आक्रमणको घटनामा मुछिएकाहरूलाई पक्राउ गर्न निरन्तर आह्वान गर्दछ। यो कार्यालय जेठ १४ गते भएको प्रहरी हत्याकाण्डको स्वतन्त्र अनुसन्धान तुरुन्त सुरु गर्न पनि राज्यअधिकारीहरूलाई आग्रह गर्दछ।

**For further information contact Marty Logan at OHCHR-Nepal:**
**Tel.: 428 0164 (Ext.321); Mobile 98510.16922 or mlogan@ohchr.org**

60 UNIVERSAL DECLARATION OF HUMAN RIGHTS